सिद्धलेक गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बुङ्चुङ, धादिङ
बागमती प्रदेश, नेपाल।
Email: info@siddhalekmun.gov.np
website: siddhalekmun.gov.np

आ.व.: २०७७।०७८
च.नं. : १४६(शिक्षा)

मिति २०७८।०२।११

**विषय:- आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा-८) तथा अन्य कक्षाको वार्षिक परीक्षा ( मूल्याङ्कन) सम्बन्धमा।**

श्री सबै विद्यालयहरु (सामुदायिक र संस्थागत दुबै)
सिद्धलेक गाउँपालिका, धादिङ

प्रस्तुत विषयमा कोभिड-१९ को सङ्क्रमण दिन प्रतिदिन बढ्दै गइरहेकोले यस गाउँपालिकाले पूर्व निर्धारित बार्षिक परीक्षा अर्को सूचना नभएसम्मका लागि स्थगित गरिएकोमा सङ्क्रमणको दर देशभर लगायत यस गाउँपालिकामा समेत उच्च नै रहेकोले २०७८ जेठ महिना भित्र प्रत्यक्ष रुपमा विद्यार्थीको भौतिक उपस्थितिमा सहभागी गराई परीक्षा सञ्चालन एवम् नतीजा प्रकाशन गर्दा शिक्षक, विद्यार्थी एवम् कर्मचारीहरुको स्वास्थ्य जोखिममा पर्न सक्ने र अर्को तर्फ नेपाल सरकारले तोके अनुरुप असार ०१ गतेदेखि नयाँ शैक्षिक सत्र २०७८ सञ्चालन गर्न नसकिने भएकोले मिति २०७८/०२/१० गतेको गाउँपालिका भित्रका विद्यालयहरुका प्र अ हरुको अनलाइन बैठकमा भएको छलफलका आधारमा गाउँ शिक्षा समिति तथा गाउँपालिका स्तरीय आधारभूत शिक्षा उत्तीर्ण परीक्षा समितिको मिति २०७८/०२/११ गतेको बैठकको निर्णयबाट समेत हालको विषम परिस्थितिमा देहाय बमोजिम शैक्षिक सत्र २०७७ मा कक्षा ८ मा अध्ययन गर्ने विद्यार्थीहरुको मूल्याङ्कन गरी प्राप्तांकको विवरण तोकिएको ढाँचामा **Hard Copy** र **Soft Copy** समेत मिति २०७८/०२/२१ गते भित्रमा गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखामा उपलब्ध गराउनुहुन वा इमेल मार्फल siddhalekedu@gmail.com मा पठाइ सोको जानकारी गर्नुहुन अनुरोध छ।

१. विद्यालयका प्र अ वा कक्षा शिक्षकको संयोजकत्वमा सम्बन्धित कक्षामा अध्यापन गराउने विषय शिक्षक समेतको ३ जना शिक्षकहरुको समितिले देहाय बमोजिम विद्यार्थीको मूल्याङ्कनको नतीजा तयार पारी पेश गर्ने।

क. विद्यार्थीले प्रथम त्रैमासिक परीक्षामा प्राप्त गरेको अङ्कलाई ३० प्रतिशत

ख. विद्यार्थीले दोस्रो त्रैमासिक परीक्षामा प्राप्त गरेको अङ्कलाई ४० प्रतिशत

ग. निरन्तर विद्यार्थी मूल्याङ्कन वापत

अ) कक्षा कार्य, गृहकार्य, परियोजना कार्यका लागि २० प्रतिशत

आ) विद्यार्थीको नियमितता (बैकल्पिक सिकाइ सहजीकरणमा सहभागिता समेत ) र अनुशासन वापतका लागि १० प्रतिशत

२. प्रयोगात्मक परीक्षाको अङ्क विद्यालयहरुले https://iemis.doe.gov.np वेवसाइटबाट आफ्नो विद्यालयको कक्षा ८ को परीक्षाको Templete डाउनलोड गरी त्यसमा प्रविष्ट गरी अपलोड गर्नुहुनको लागि पहिले नै सूचना भएकोमा हालसम्म केही विद्यालयको मात्र अपलोड भएकोले बाँकी विद्यालयहरुले यथाशीघ्र अपलोड गर्ने ।

३. कक्षा (१-७) र ९ को बार्षिक परीक्षाको मूल्याङ्कन समेत यसै विधिलाई आधार मानी मिति २०७८/०२/२५ गते अनिवार्य नतीजा प्रकाशित गरी नयाँ शैक्षिक सत्र २०७८ को लागि आवश्यक तयारी गर्ने।

प्रविन बाबु भट्टराई
शाखा अधिकृत (शिक्षा)

प्रबिनबाबु भट्टराई
शाखा अधिकृत (शिक्षा)